परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

❑ वर्ष १३ ❑ अंक ३४ २०८२ बैशाख ७ आईतवार Sunday 20, APR 2025 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

नेपाल खानेपानी संस्थान
शाखा कार्यालय, विराटनगर
सूचना
गर्मी, सुख्खा याम बढे सँगै जमिन मुनीका पानीका सतह घटिरहेकोले गर्दा पानी उत्पादन कम हुन गई वितरण प्रणालीमा समस्या भएको जानकारी गराउदै वितरण गरिएको पानी सहि सदुपयोग गरि दिनु हुन अनुरोध छ, साथै कहि कतै पाईप लिकेज भई पानी खेर गईरहेको देख्नु भएमा कार्यालयलाई जानकारी गराई दिनु होला ।
पानी उमालेर र फिल्टर गरेर मात्र प्रयोग गर्ने बानी बसालौं ।

## कोशी प्रदेशको लगानी सम्मेलन बैशाख १८ र १९ गते वीरेन्द्र सभागृहमा हुने सुनिश्चित

विराटनगर । कोशी प्रदेश सरकारले गर्न लागेको लगानी सम्मेलन बैखाख १८ र १९ गते हुने सुनिश्चित भएपछि सम्मेलनको तयारी बारे जानकारी गराउन बुधवार गरिएको पत्रकार सम्मेलनमा कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कुमार कार्कीले सम्मेलनको केही सानो तिनो काम बाहेक सम्पूर्ण तयारी पुरा भएको जानकारी गराएका थिए ।



लगानी सम्मेलनका लागि रहेको बाधा हुने खालका कानुन संशोधन गर्ने प्रकृया लगायतका सबै विषयमा तयारी पूरा भएको जानकारी गराएका थिए । लगानी सम्मेलनमा मुख्य गरी पर्यटन क्षेत्रका योजनाहरु समेटिएको र त्यसबाहेक उद्योग र आइटी क्षेत्रलाई पनि समेटेको मुख्यमन्त्री कार्कीले जानकारी दिएका थिए ।

मुख्यमन्त्री कार्कीले संघीय सरकार सँगको समन्वयमा कानुन संशोधन र आवश्यक पर्ने नीतिहरू संशोधन गर्ने भन्दै लगानी सम्मेलनले कोशी प्रदेशमा लगानीको वातावरण निर्माण हुने र यसले रोजगारी सिर्जनामा सहयोग हुने, लगानी सम्मेलन मार्फत राष्ट्रिय पुँजीको विकास हुने धारणा राखेका थिए ।

राष्ट्रिय आयको वृद्धिमा सम्मेलले सहयोग पुऱ्याउने चर्चा गर्दै विगतमा भएका लगानी सम्मेलनहरूको पाठ सिक्दै अधिकतम लगानी भित्र्याउने र लगानीको सुनिश्चितताको लागि यो लगानी सम्मेलन सफल हुने मुख्यमन्त्री कार्कीले विश्वास लिएको छ ।

विराटनगरको वीरेन्द्र सभागृहमा हुने लगानी सम्मेलनमा १ खर्ब ३९ अर्ब रूपैयाँ रुपैयाँको परियोजना सोकसिङ गर्ने तयारी प्रदेश सरकारको छ । प्रदेश सरकार ले ५४ वटा योजनाहरू लगानी सम्मेलनको सोकेसमा राख्ने तय गरेको छ । लगानी सम्मेलनमा सुनिश्चित भएको लगानी कार्यान्वयनमा लैजानका लागि समेत सचेत भएर काम गरिरहेको मुख्य मन्त्री कार्कीको भनाई थियो ।

पत्रकार सम्मेलनमा बोल्दै कोशी प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री रेवती रमण भण्डारीले लगानी सम्मेलनका लागि सबै खालका कानुनी अड्चनहरू फुकाउने गरी काम भइरहेको जानकारी गराएका थिए । लगानी सम्मेलनलाई लक्षित गरेर कानुनहरु संशोधन गर्ने र नयाँ

वांकी अन्तिम पेजमा...

## एक ढिक्का भएर अगाडी बढ्ने प्रतिवद्धता

विराटनगर । नेकपा एमाले विराटनगर महानगरकमिटीको दोश्रो अधिवेशनबाट निर्वाचित पदाधिकारी तथा सदस्यहरुको एमाले मोरङ पार्टी कार्यालय पाञ्चालीमा आयोजित कार्यक्रममा सपथग्रहण सम्पन्न भएको छ ।

सपथग्रहण कार्यक्रमलाई सम्बोधन गर्दै महानगर कमिटीका अध्यक्ष बलराज गिरी (नविन) ले चुनावका तीता मिठा कुराहरु विर्सिएर अब महानगर कमिटी एक ढिक्का भएर अघि बढ्ने वताएका छन् । वहाँले निर्वाचनमा प्रतिष्पर्धा भएपनि महानगर कमिटीले सवैलाई समेटेर अघि बढ्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

महानगर कमिटीलाई गति शिलता दिन महानगर कमिटीका निवर्तमान अध्यक्ष रोहित कोइरालाको पनि सल्लाह, सुझाव र सहयोग मलाई आवश्यक रहेका



महानगर कमिटी अध्यक्ष बलराज गिरी (नविन)

गिरीको भनाई थियो ।

निर्वाचनमा संस्थापन र इतरपक्ष भन्दै गरिएको प्रचार प्रति उहाँले आपत्ती जनाउदै म पनि केपी ओली पक्षकै उम्मेदवार हुँ, रोहित कोइराला पनि केपी ओली पक्षकै हो । अनि कसरी कोही संस्थापन र कोही इतर पक्ष भयो ।' पार्टीमा इतरपक्ष कोही छैन सवै संस्थापन ।' महानगर कमिटी अव एक ढिक्का भएर अघि बढ्ने

वांकी अन्तिम पेजमा...

"बिरामी मैत्री अस्पताल"
आर्या न्यूरो हस्पिटल
कन्चनवारी विराटनगर-३
नव वर्ष
२०८२
को हार्दिक मंगलमय शुभकामना
डा. अर्चना चौधरी नेपाल (अध्यक्ष)
डा. पंकजराज नेपाल (प्रबंध निर्देशक)
दिनेश ठाकुर (निर्देशक)

वनजन्तु तथा चराचुरुङ्गीको संरक्षण सम्बन्धी डिभिजन वन कार्यालय, मोरंङ्गको अत्यन्त जरुरी सूचना
वनजंगल र वन्यजन्तुहरुको संरक्षण गर्नु हामी सबैको कर्तव्य हो । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ बमोजिम स्वीकृति नलिई कुनैपनि वन्यजन्तु तथा चराचुरुङ्गी पाल्नु हुँदैन वन्यजन्तुलाई कुनै तरिकाले लखेट्ने, पक्रने, दुःख दिने, मार्ने वा सो गर्न प्रयत्न गर्ने वा त्यसको शरिरको कुनै अङ्ग झिक्ने वा नष्ट गर्ने वा त्यसको अण्डा, गुँड झिक्ने, नष्ट गर्ने वा खलबल गर्ने एवं आखेटोपहार ओसारपसार वा खरिद बिक्री गर्नु गराउनु दण्डनीय अपराध हो । यस्तो कार्य गर्ने व्यत्तिलाई पाँच लाख रुपैयाँ देखि दश लाख रुपैयासम्म जरिवाना वा पाँच वर्ष देखि पन्ध्र वर्षसम्म कैद वा दुवै सजाय हुने कानुनी प्रावधान रहेको व्यहोरा जानकारीको लागि अनुरोध छ ।
डिभिजन वन कार्यालय मोरंग



परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.विराटनगर द.नं. ०४/०७७/०७८

## पत्रकारीता...

संचारको तिव्रता, सामाजिक चेतनामा विस्तार, जेन जेडको रुचि अनुसार समाचार लेख्नु पर्ने वताएका थिए ।

विराटनगर महानगर पालिकाको सहयोगमा पत्रकारिता सीप अभिवृद्धि तालिमका बारेमा क्षेत्रीय संचार स्रोत केन्द्रका संयोजक विरेन्द्र शर्मा जानकारी गराएका थिए ।

## कोशी...

कानुन बनाउने काम भइ रहेको उहाँले बताउनु भयो । ८ वटा प्रदेश कानुन संशोधन गर्ने र एउटा नयाँ कानुन बनाउने क्रममा रहेको उहाँले जानकारी गराएका थिए । प्रदेशमा पहिलो पटक लगानी सम्मेलन आयोजना गर्न लागिएकोले स्थानीय तह, संघीय सरकार र निजी क्षेत्रको सहकार्य र समन्वयमा लगानी सम्मेलनको तयारी अगाडि बढेको मन्त्री भण्डारीले वताएका थिए । कोशी प्रदेशमा सार्वजनिक, निजी साझेदारी अन्तर्गतका परियोजनाहरू लाई कार्यान्वयनका लागि सरलीकृत वातावरण निर्माण गर्न कानुनी, नीतिगत सुधार र प्रशासनिक सहजता प्रदान गर्ने मन्त्री भण्डारीले समेत जानकारी गराएका थिए ।

लगानी प्राधीकरणका कार्यकारी अधिकृत सरोज कोइरालाका अनुसार पर्यटन क्षेत्रमा १५ वटा भौतिक पुर्वाधारमा १४ वटा योजना बनेका छन । यस्तै लगानी सम्मेलनमा कृषीका ९ उद्योगमा ९ वटा, सूचना प्रविधि क्षेत्रमा २ वटा र वेस्ट म्यानेजमेन्ट क्षेत्रमा २ वटा परियोजना सोकेसिङ भएको छ । लगानी सम्मेलन मार्फत होटल, रिसोर्ट, वाटर पार्क लगायत समेत योजना सोकेशिङ भएका छन । त्यसैगरी सञ्चालनमा रहेका केहि परियोजनालाई समेत सोकेशिङमा राखिएको छ ।

कोशी प्रदेश लागानी सम्मेलन सचिवालयका संयोजक तथा प्रदेश सचिव पवन कुमार तिमिल्सेनाका अनुसार सम्मेलन सफल बनाउन विभिन्न समितिहरू गठन भइसकेका छन् । नीतिगत, कानुनी सुधार तथा प्रशासनिक सहजताका पक्षमा पनि तयारी अघि बढाइएको जानकारी गराएका थिए ।

## एक...

पुनः प्रतिवद्धता जनाएका थिए ।

सपथग्रहण समारोहमा एमाले केन्द्रीय सदस्य जीवन घिमिरे, रामलाल साह, मोरङ सचिव सोमराज थापा, महानगर इन्चार्ज पर्शुराम वस्नेत लगायत नेताहरुले नवनिर्वाचित कमिटीलाई बधाई तथा शुभकामना दिएका थिए ।

वैशाख २ गते उद्घाटन भएको महानगर अधिवेशन शुक्रबार विहान सम्पन्न भएको थियो । अधिवेशनले अध्यक्षमा बलराम गिरी, उपाध्यक्षमा सुरज न्यौपाने, सचिवमा विज्ञान चापागाई, उपसचिवमा हमिद आजाद र हिमा मैनाली पोखरेल सहित ९१ सदस्यीय महानगर कमिटी निर्वाचित भएको थियो ।

NO SMOKING

# अपांगता भएका व्यक्तिहरुमा रहेको प्रतिभा खोजी




विराटनगर । "कोशी प्रदेशको सान, प्रतिभावान अपाङ्गता भएका व्यक्तिहरुको पहिचान, कलाको व्यवसायि-कताले बढाउनेछ आय र आत्मसम्मान" भन्न मुल नाराका साथ अपांगता भएका व्यक्तिहरुमा रहेको प्रतिभाको खोजी गर्ने कार्यक्रम आयोजना गर्ने भएको छ ।

राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, कोशी प्रदेशका अध्यक्ष नविन चन्द ढुगेल र करुणा फाउन्डेसन नेपालको निर्देशक योगेन्द्र गिरीले पत्रकार सम्मेलनको आयोजना गरी बैशाख महिना भित्रै कोशी प्रदेश भित्र रहेको अपाँगता भएका व्यक्तिहरुमा रहेको प्रतिभाको खोजी गर्न अपाङ्गता भएका व्यक्तिहरुको कविता वाचन, वक्तृत्वकला, संगीत तथा गायन, अभिनव क्यारिकेचर, नृत्य, चित्रकला, हस्तकला, नवप्रवर्द्धन (इनोभेसन) लगायत ९ विधामा प्रतिभा प्रस्तुत गर्ने अवसर प्रदान गरिने अध्यक्ष ढुगेलले वताए ।

आर्थिक तथा सामाजिक रूपमा सक्षम नभईकन कुनै पनि व्यक्ति पूर्णरूपमा आत्मनिर्भर हुन सक्दैन । दुर्भाग्यवश, अपाङ्गता भएका व्यक्तिहरु अवसर नपाएर अरूको भरमा कठिन जीवनयापन गर्न बाध्य रहेका छन् । यद्यपि, अपाङ्गता हुनु असक्षम हुनु होइन । अनुकूल वातावरण र अवसर प्रदान गरियो भने अपाङ्गता भएका व्यक्तिहरूले पनि आफ्नो सीप, कला र योग्यता प्रस्तुत गरी परिवार, समाज र राष्ट्रलाई गौरवपूर्ण योगदान गर्न सक्छ भन्ने उदेश्यले अपांग भएका व्यक्तिमा प्रतिभा खाजी त्यसलाई आय आर्जनका माध्यम वनाउने उदेश्यले खोजी कार्यक्रम गर्न लागेको निर्देशक गिरीले वताए ।

नेपालको संविधान, अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४, तथा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि (सीआरपीडी), २००६ जस्ता राष्ट्रिय तथा अन्तर-राष्ट्रिय कानुनी वस्तावेजहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई आत्मनिर्भर र सक्षम बनाई समावेशी र समतामूलक समाजको परिकल्पना गरेको छ ।

प्रतिभाखोजी कार्यक्रम गर्न करीब २३ लाख रकम खर्च हुने भएको छ ।

उक्त कार्यक्रम राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, कोशी प्रदेश, करुणा फाउन्डेसन नेपाल र कोशी प्रदेश सरकार सामाजिक विकास मन्त्रालय तथा विभिन्न सरोकारवाला निकायहरुको सहकार्यमा अपाङ्गता भएका व्यक्तिहरुमा अन्तरनिहित प्रतिभाको पहिचान, प्रोत्साहन र व्यवसायिक गर्ने उद्देश्यले अपाङ्गता भएका व्यक्तिहरुको प्रतिभाको खोज कार्यकम सञ्चालन गर्न लागिएको छ ।

ट्राफिक नियमको पालना गरौं ।
सडक सुशासन कायम गरौं ।।

स्वदेशी मौलिक उत्पादको प्रवर्द्धन गरौं

- हाम्रो मौलिक उत्पादन पहिचानमात्र होइन आय-आर्जनको स्रोत पनि हो,
- घरेलु र परम्परागत सीपमा आधारित उत्पादनको अभिवृद्धि गर्दै स्वावलम्बी र स्वरोजगार बनौं,
- स्थानीय सीप, क्षमता र कच्चा पदार्थको उपयोग गरौं,
- हस्तकला लगायतका व्यवसाय सानो पूजींमा पनि थालनी गर्न सकिन्छ,
- स्वदेशी उत्पादनबाट आत्म निर्भर बनौं,
- आयातित सट्टा स्वदेशी उत्पादनलाई प्रोत्साहन गरौं, अर्थतन्त्रमा योगदान गरौं, मुलुकलाई समृद्ध बनाऔं ।

नेपाल सरकार, विज्ञापन बोर्ड

खाना पकाउने ग्यास (एलपी ग्यास)
प्रयोगकर्ताहरुलाई सुरक्षासम्बन्धी
अति आवश्यक जानकारी

एलपी ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवम् सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्यासको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुर्‍याउनु हुन सम्पूर्ण उपभोक्तावर्गमा अनुरोध छ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु

- सिलिन्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिन्डर सधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
- रेगुलेटर, रबर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं ।
- खाना पकाउँदा सधैं झ्याल, ढोका खुला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।
- काम सकिएपछि सधैं रेगुलेटर बन्द गर्न नबिसौं ।



नेपाल आयल निगम
कोशी प्रदेश कार्यालय
विराटनगर

डिभिजन वन कार्यालय मोरङको वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

सुख्खा मौसम सुरु भइसकेको छ। वनलाई डढेलोबाट जोगाउन सम्बन्धित सबै सरोकारवाला तथा सर्वसाधारणलाई निम्न सावधानी अपनाउन अनुरोध गरिन्छः

१. सलाई, लाइटर, रौंको जस्ता आगो उत्पन्न गर्ने वस्तुहरु वन क्षेत्रमा जथाभावी प्रयोग नगर्नुहोस्।
२. वन क्षेत्र नजिक आगो नबाल्नुहोस्। आगो बालेको भए पूर्ण रूपमा निभाएर मात्र छोड्नुहोस्।
३. वनमा डढेलो लागेको थाहा पाउनेबित्तिकै नजिकको वन कार्यालय, प्रहरी, स्थानीय तह वा वन उपभोक्ता समूहलाई तुरुन्त जानकारी गराउनुहोस्।
४. डढेलो नियन्त्रणका लागि आवश्यक सहयोग जुटाउनुहोस्।
५. वनमा डढेलो लगाउने व्यक्तिलाई पहिचान गरी कानुनी कारबाहीका लागि सहयोग गर्नुहोस्।

डिभिजन वन कार्यालय, मोरङ
सम्पर्क: ९८५२०२६६१४, ९८५२०८१११०



परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउटः विजय कु.मण्डल मुद्रकःबाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेलःcrimeopration@gmail.com

## सम्पादकीय

# राजनीति मुक्त शिक्षा क्षेत्र

शिक्षा क्षेत्रमा देखिएको राजनीतिकरणले गर्दा शिक्षा क्षेत्रका विद्यालय शिक्षकहरु अहिले आन्दोलनमा उत्रिएको छ। शिक्षकहरुका आन्दोलनले एक पटक फेरी राष्ट्रिय बसह सुरु भएको छ। शिक्षकहरुलाई बुद्धीजीवी पनि भनिन्छ। बुद्धीजीवीहरुले नै आफ्नो अधिकारको लागि काठमाण्डौको सडक तताई रहको छ भने अन्य साधारण जनता आफ्नो हक अधिकार कहाँ खोज्न सक्छ ? शिक्षक आन्दोल आखिर किन ? शिक्षकहरुको माग जायज छ भने सरकार किन पुरा गर्न सक्दैन यस्ता अनेक सवालहरु छन्। शिक्षकहरुको आन्दोलनले गर्दा अहिले विद्यार्थी भर्ना अभियान, एसइइको उत्तर पुस्तिका जाँच्ने कार्य ठप्प भएको छ।

शिक्षकहरुको आन्दोलनको स्थिति सम्म पूऱ्याउन राज्य नै जिम्मेवार छ। शिक्षाण पेशालाई सेवा भन्दा पनि जागीरको रुपमा रुपमा लिने दृष्टीको छ जसले गर्दा कतिपय शिक्षकहरु सिफारीसको भरमा शिक्षक बनेको छ भने कतिपय राजनीति कर्मीको आफन्तको भरमा शिक्षकको जागिर पाएको छ। सामुदायिक विद्यालयका शिक्षकहरु कति सम्म सक्षम छन भने आफुले पढाएको स्कुलमा आफ्नो छोराछोरीलाई पढाउँदैन आफ्नो छोराछोरीलाई सुधारण निजी विद्यालयमा पढाउँछन्। अरुको छोराछोरीलाई नपढाई कन शिक्षक तलव खान्छ।

सरकारले शिक्षा क्षेत्रवाट राजनीतिलाई हटाएर शिक्षकको आवज सुन्ने, त्यसको सम्वोधन गर्ने तर ती शिक्षकले विद्यालयमा पढाएको छ छैन सरकारले अनुगमन गर्ने, कतिपय विद्यालयमा शिक्षकमात्र छन् विद्यार्थी छैन। त्यस्ता शिक्षकलाइ विदाई गर्ने, नीजी विद्यालय जस्तै सामुदायिक विद्यालयमा पठन पाठनको व्यवस्था मिलाउने जस्ता कार्य गर्नु पर्छ। त्यसैले शिक्षकको माग पनि पुरा गर्न र शिक्षकसंग काम पनि लिने निती सरकाले अवलम्बन गर्न आवश्यक छ।

# पार्टीहरु फोहोर पोखरीजस्ता बन्नाले प्रतिगामी हौसिए

**शिरीषवल्लभ प्रधान**

प्रधानपञ्चायत कालमा कक्षा ८ वा ९ पुगेपछि हामीले बहुदलीय व्यवस्था अफापसिद्ध हुनाका कारण पढ्नुपरेको थियो। त्यसमा यस्तै लेखिएको हुन्थ्यो– पार्टीहरूबिच आपसी मनमुटाव हुनाले, पार्टीका नेताहरू दलगत स्वार्थमा लाग्नाले, जनचेतनाको अभाव आदि कारणले गर्दा नेपालमा बहुदलीय व्यवस्था अफापसिद्ध भयो।

अहिले देखिएको राजनीतिक पार्टीहरूको घट्दो लोकप्रियता, जनतामा देखिएको नैराश्य, सडकदेखि सदनसम्म राजावादी को सक्रियता र आन्दोलन तथा उनीहरूले सामाजिक सञ्जाल मा लोकतान्त्रिक गणतन्त्रविरुद्ध फैलाएका भ्रमपूर्ण प्रचारबाजी आदिले गर्दा यस स्तम्भकारलाई नचाहँदा-नचाहँदै पनि स्कुलमा पढेका ती कुरा सम्झन बाध्य बनाउँछ।

गणतन्त्र आएको १६ वर्ष बित्दा नबित्दै राजावादीहरू सलबलाउन थालेका छन्। उनीहरुले सर्वसाधारणको मनमा लोकतन्त्र प्रति नै वितृष्णा र आक्रोश उत्पन्न गराउने प्रयत्न गर्दै छन्। यसप्रति संघीय गणतन्त्र तथा लोकतन्त्र पक्षधर सचेत नागरिक, नागरिक समाज र राजनीतिक नेता-कार्यकर्ताले सोच्ने बेला भएन र ? के यी भ्रम र कुप्रचार चिर्न उनीहरूले कुनै भूमिका वा दायित्व वहन गर्नुपर्दैन ?

तत्कालीन राजा वीरेन्द्रले विद्यार्थी आन्दोलन उत्कर्षमा पुगेपछि सुधारिएको पञ्चायत व्यवस्था अथवा बहुदलीय व्यवस्थामध्ये एक रोज्न आम मतदातालाई आह्वान गर्नुपरेको थियो। त्यस बखत राजधानी सहरमा निर्दलीय पञ्चायतको पक्षमा एउटा तुल वा ब्यानर झुन्ड्याउनेसम्म साहस गरेका थिएनन्, निर्दलीय पञ्चायत पक्षले। जब कि त्यसबखत उनीहरूकै सरकार थियो। अहिले कांग्रेस र एमालेको पूर्ण बहुमत मात्र नभई झन्डै दुईतिहाइको सर्वशक्तिमान सरकार कायम रहँदा कसरी प्रतिगामी तत्त्वले खुला रूपमा गणतन्त्रको विरोध र पूर्वराजाको समर्थनमा केही हजार कार्यकर्तालाई सडकमा उतार्न सफल भए ? के यो सोचनीय विषय होइन !

निराशाको कारण

जिम्मेवार राजनीतिक पार्टीका नेताले जनता किन हामीदेखि निराश भए, किन आक्रोशित छन्, किन क्रुद्ध बने, किन उनीहरू असन्तुष्ट छन् भनी एकछिन ठण्डा दिमागले सोच्न जरुरी छ। आज देशमा बेरोजगारी को समस्या चुलिएको छ, महँगीले आकाश छोएको छ, भ्रष्टाचारले सीमा नाघेको छ, नागरिक असुरक्षामा वृद्धि भएको छ।

जनताले कर तिरेकै छन् तर त्यसको बदलामा उपयुक्त र प्रभावकारी सेवा प्राप्त गर्न सकेका छैनन्। सर्वत्र अराजकता बढेको छ। सरकारी कार्यालयमा विनाघुस कुनै काम भइरहेको छैन। यो स्थितिका निम्ति जिम्मेवार को ? गणतान्त्रिक सरकारको त्यसमा कुनै दायित्व वा जिम्मेवारी बोध देखिँदैन। जनताका समस्या प्रति सरकार वा राजनीतिक पार्टीहरू संवेदन शील भइरहेका छैनन्, उदासीन देखिन्छन्।

त्यसो भनेर विगत ३० वर्षमा कुनै क्षेत्रमा विकास भएको छैन, अर्थतन्त्र र विज्ञान प्रविधिले फड्को मारेको छैन वा कुनै क्षेत्रमा काम भएको छैन भन्न खोजिएको होइन। काम भएका छन् तर बेरोजगारीको समस्या यति विकराल भएको छ कि मानिसहरू अध्ययन, अवसर र रोजगारीका लागि दिनहुँ १५ सयको हाराहारीमा बिदेसिरहे का छन्। के यसमा सरकारको केही दायित्व हुँदैन ?

जमेको पोखरी बन्ने कि संग्लो नदी ?

अरुको त के कुरा प्रमुख भनाउँदा राजनीतिक पार्टीहरू भित्र समेत आन्तरिक प्रजातन्त्र मौलाउन सकेको छैन। नेताको चाकडी गर्नेहरूले मौका पाइरहेका छन्। उनीहरूको काम, योग्यता, लोकप्रियता, अनुभव र योगदानको उचित कदर हुन सकिरहेको छैन। राम्रा मानिसहरू पार्टीमा सधैं तल पर्छन् तर नेतालाई खुसामद गर्ने र अनुचित लाभ दिलाउन सक्नेहरू नै हाबी भएका छन्। पार्टीहरूमा कार्यकर्ताको अभिलेखीकरणको कुनै व्यवस्था नभएको जस्तो देखिन्छ।

अहिले ठुला भनाउँदा पार्टीहरूको स्थिति फोहोर पानी जमेको पोखरीजस्तो भएको छ, नदीको पानीजस्तो सङ्लो हुन सकेको छैन। राजनीतिक पार्टीलाई जीवन्त र क्रियाशील राख्न नयाँ नेतृत्वको विकासलाई पनि ध्यान दिइनुपर्छ। अहिले सत्तासीन दुई ठुला पार्टी र प्रमुख प्रतिपक्षमा हेर्ने हो भने दुई-तीन दशकदेखि एकै व्यक्तिको नेतृत्वमा कब्जा रहेको देखिन्छ। एकैजना व्यक्ति तीनदेखि ६ पल्ट प्रधानमन्त्री बनेर देश र जनताले के पाए वा के पाउँछन् ? यसको उत्तर खोजिनुपर्दैन ? के हामीले अरु विकसित देशमा जस्तो दुईपल्टभन्दा बढी पार्टी प्रमुख वा देशको कार्यकारी प्रमुख बन्न नपाउने नियम ल्याउने बेला भएन र ? यसका निम्ति पार्टीका कार्यकर्तालाई समय-समयमा नेतृत्व विकास सम्बन्धी तालिम दिइनु जरुरी हुन्छ। नयाँ-नयाँ प्रतिभा र केही गरौं भन्ने युवालाई उचित स्थान दिन नसक्दा पार्टीहरू डम्पिङ साइटमा परिणत हुने त होइन भन्ने खतरा बढेको छ।

नायक कुलमान घिसिङ लाई त हामीले सम्मानको सट्टा अपमान गर्ने प्रयास गऱ्यौं भने के जनताले यसमा आक्रोश नदेखाए खुसी व्यक्त गर्छन् त ?

सर्वत्र पार्टी र राजनीति हाबी

अहिले देखापरेको एउटा ठुलो समस्या भनेको हामीले गर्ने हरेक कार्यमा, हरेक निर्णयमा र हरेक गतिविधिमा पार्टी र दलगत भावना हाबी हुने गरेको छ। चाहे पत्रकारिताको क्षेत्रमा होस् वा बौद्धिक जगतमा होस् अथवा नागरिक समाजमा होस् वा मानव अधिकारको क्षेत्रमा– पार्टीको आस्था वा दलगत भावनालाई केन्द्रमा राखेर काम गर्ने प्रवृत्ति हाबी भएको देखिन्छ।

अन्य विकसित देशहरू सम्म जानैपर्दैन, भारतलाई मात्र हेरे पुग्छ। के त्यहाँको मिडियाले पार्टीको वकालत गर्छन् ? के त्यहाँ राजदूतजस्तो महत्त्वपूर्ण पदहरूमा नियुक्ति दिँदा राजनीतिक भागबन्डा वा राजनीतिक पार्टीको स्वार्थ हाबी हुने गरेको छ ? त्यस्तो त कतै देखिँदैन।

हामीकहाँ सर्वत्र राजनीतिक स्वार्थ, राजनीतिक विचार धारा र भावना हाबी भएकै देखिन्छ। अरू प्रजातान्त्रिक देशमा बुद्धिजीवीहरू पार्टीको 'लेबल' लाग्ला भनेर डराउँछन् भने हामीकहाँ पार्टीको सिफारिसका निम्ति तँछाड-मछाड गर्छन्। हामीले कहिले आफ्नो क्रियाकलापमा सुधार गर्ने ?

वांकी अन्तिम पेजमा...

# साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** : युवा वर्गका लीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** : युवावर्गका लीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू) : बुद्धिको प्रभावले ठुला–ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ** (गु, गे, गो, सा, सी, सु, से, सो, द) **:सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ।**

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

# केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

## दमकल

बिराटनगर बारूणयन्त्र ४२००००
इटहरी बारूणयन्त्र ५८०१०१
धरान बारूणयन्त्र ५२०१९९
इनरुवा बारूणयन्त्र ५६०१०१
दमक बारूणयन्त्र ०२३-५८०१०१

## एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८

## अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,

## प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी

# अगामी बजेटको लागि मोरंग उद्योग व्यापार संघद्धारा संघिय सरकारलाई सुझाव



विराटनगर। मोरङ उद्योग व्यापार संघका अध्यक्ष अनुपम राठीको नेतृत्वमा काठमाडौँ गएको संघको टोलीले अर्थ मन्त्रीश्री विष्णु प्रसाद पौडेल, उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी, भन्सार विभागका उप-महानिर्देशक जनकराज शर्मा लगायतलाई भेट गरी आगामी आर्थिक वर्ष २०८२-०८३ को बजेटका लागि सुझावहरु प्रस्तुत गरेको छ।

अध्यक्ष राठी सहित संघका निर्वतमान अध्यक्ष एवं नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य नवीन रिजाल, संघका वाणिज्य उपाध्यक्ष अनिल सारडा लगायतको उद्योगी/व्यवसायीहरुको टोलीले मन्त्रीहरु र सरकारका उच्चपदस्थ कर्मचारीहरुलाई कार्यकक्षमै भेटी उद्योग/व्यवसाय क्षेत्रको हक हितका लागि आगामी बजेटबाट सम्बोधन गरिनु पर्ने विषयहरु समेटी संघद्वारा तयार पारिएको सुझावपत्र पेश गरेको थियो।

सुझावपत्र पेश गर्ने क्रममा अध्यक्ष राठीले भारतीय सीमावर्ति बजारहरुबाट हुने गरेको अवैध कारोबार तत्कालै नियन्त्रण गर्नु पर्नेमा जोड दिँदै अवैध तवरले नेपालभित्रने गरेका खाद्यान्न, लत्ता कपडा लगायतका मुख्य-मुख्य वस्तुहरुका आयात शुल्कहरु न्यूनिकरण गरी नेपाली बजारमा ती वस्तुहरुको मूल्य सीमावर्ति भारतीय बजारको सरह कायम हुने वातावरण बनाउनु पर्ने सुझाव दिएको थियो।

साथै, अध्यक्ष राठीले त्यस्ता वस्तुहरुका अवैध कारोबार नियन्त्रण गरे स्वदेशीबजार एवं स्वदेशी उद्योगहरुको संरक्षण हुनुका साथै राजस्व संकलन समेत वृद्धि हुने वताएका थिए।

त्यस्तै, कतिपय स्वदेशी उद्योगहरुका कच्चा पदार्थहरु को आयातमा निर्धारित उच्च भन्सार दरहरु समेत न्यूनिकरण गर्नु पर्ने बताउँदै अध्यक्ष राठीले भन्सार दर परिमार्जन गर्नु पर्ने त्यस्ता वस्तुहरुको सूचि सहितको सुझाव समेत प्रस्तुत गरेको थियो।

त्यस्तै, बैंकहरुमा हाल उपलब्ध पर्याप्त तरलताको सदुपयोग गर्दै कृषि, उद्योग, पर्यटन, शिक्षा, स्वास्थ्य, पर्यटन लगायत सबै क्षेत्रमा आगामी २ वर्ष भित्रै नयाँ लगानी थप गर्ने प्रोत्साह जनक र दीर्घकालिन नीतिहरु ल्याउनु पर्ने वताउँदै अध्यक्ष राठीले विद्यमान अवस्थामा पूँजी निवेशका सम्भावित क्षेत्रहरु र आवश्यक कदमहरु सहितको सूचि समेत सुझावका रुपमा प्रस्तुत गरेको थियो।

# पत्रकारीता तालिम सुरु

राजेश कुमार राजवंशी

विराटनगर। नेपाल प्रेस ईन्स्टिच्युट अन्तर्गतको क्षेत्रीय संचार स्रोत केन्द्र विराटनगरले एक हप्ते पत्रकारिता तालिम मंगलवार देखि सुरु गरेको छ।

तालिमको उद्घाटन गर्दै क्षेत्रीय संचार स्रोत केन्द्रका अध्यक्ष मोहन भण्डारीले यहाँ बाट तालिम लिइसकेकाले मुख्य मन्त्रीको सल्लाहकार देखी लिएर विभिन्न पदमा रहेर काम गर्दै आएको जानकारी गाराएका थिए। प्रशिक्षक तथा नेपाल पत्रकार महासघ मोरङका पुर्व अध्यक्ष बन्धु पोखरेलले प्रशिक्षार्थीलाई सीप अभिवृद्धि र आत्मबलको लागि एक हप्ते प्रशिक्षण गराउने वताएका थिए।

क्षेत्रीय संचार स्रोतका सदस्य प्रशिक्षक यज्ञ शर्माले प्राविधिक विकास, खुल्ला शिक्षा,

वांकी अन्तिम पेजमा...

# सुनसरी र मोरंगबाट लागुऔषध सहित १८ पक्राउ

सुनसरी। सुनसरीको विभिन्न स्थानहरुबाट लागू औषध सहित १३ जनालाई प्रहरीले पक्राउ गरेको छ।

वैशाख ४ गते सुनसरीको कोशी गाँउ पालिका-१ स्थितबाट लागू औषध नियन्त्रण व्यूरो बिराटनगर र इलाका प्रहरी कार्यालय लौकही सुनसरी बाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा सुनसरीको रामधुनी-५ का २० वर्षीय करण चौधरी, ईटहरी-४ का ४० वर्षीय पर्वत यादव, १९ वर्षीय रोमन चापाँगाई, १९ वर्षीय मिलन तामाङ, मोरङ सुन्दरहरैँचा नगरपालिका-५ का ४२ वर्षीय प्रेम कुमार राई, ३१ वर्षीय दिपेश तामाङ, सुन्दरहरैचा-६ का २५ वर्षीय अनिल खवास, २६ वर्षीय अजित श्रेष्ठ, सुनसरी धरान-८ का २९ वर्षीय सरोज विश्वकर्मा, सोही स्थानका ३४ वर्षीय किशोरको मादेन, सुनसरी धरान उप-महानगर पालिका-१० का २७ वर्षीय निरन श्रेष्ठलाई ब्राउन सुगर ३१.९६ ग्राम सहित नियन्त्रणमा लिएको थियो।

त्यसैगरी सुनसरी धरान उप-महानगरपालिका-११ स्थितबाट अस्थायी प्रहरी चौकी रेल्वे, धरानबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा सोही स्थानका ३१ वर्षीय रोशन राई र ३७ वर्षीय मिमाहाङ लिम्बुलाई ब्राउन सुगर ५३० मिलिग्राम र प्रतिबन्धित औषधी ट्रामोल-४० क्याप्सुल, कोलिवन-३० ट्याब्लेट सहित पक्राउ गरेको थियो।

त्यसैगरी बैशाख ४ गते विराटनगर महानगरपालिका-१६ स्थितमा लागू औषध नियन्त्रण व्यूरो विराटनगरबाट खटिएको प्रहरी टोलिले चेकजाँचको क्रममा मोरङ सुन्दरहरैचा-७ का २२ वर्षीय जिबस तामाङ र ३८ वर्षीय भिम कुमार तामाङको साथबाट ब्राउन सुगर ६ ग्राम ५ मिलिग्राम र सुनसरी इटहरी-२ का ३० बर्षीय पासाङ शेर्पा र २५ बर्षीय रबिन्द्र लिम्बु लाई प्रतिबन्धित औषधी-२२ एम्पुल सहित पक्राउ गरेको थियो।

त्यसैगरी इलाका प्रहरी कार्यालय हरिनगर सुनसरीबाट खटिएको प्रहरी टोलिले हरिनगर-४ स्थितबाट बराहक्षेत्र-६ का २४ वर्षीय राजेश मुखियालाई २४ किलो गाँजा सहित पक्राउ गरेको थियो।

प्रतिबन्धित लागूऔषध सहित पक्राउ परेका उनिहरुको थप अनुसन्धान भईरहेको छ।

NO SMOKING

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८२ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

सुरक्षा अस्पताल प्रा.लि. परिवार
विराटनगर, विरेन्द्र सभागृह अगाडी

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८२ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

संतोष बस्नेत (निर्माण व्यवसायी)
स्वामी नारायण निर्माण सेवा प्रा.लि.

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८२ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

सगरमाथा उच्च माध्यमिक
विद्यालय परिवार

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८२ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

कोशी हेल्थ इन्सिटच्यूट
परिवार, विराटनगर

# आठ पहरियाहरूको ऋण नगरपालिकाले तिर्ने घोषणा

विराटनगर । ऋण तिर्न नसकेर उठिवास हुन लागेका धनकुटा नगर क्षेत्रका अल्पसङ्ख्यक आठपहरियाहरूको ऋण धनकुटा नगरपालिकाले तिरिदिने घोषणा गरेको छ । धनकुटा नगर पालिकाका मेयर चिन्तन तामाङले समस्यामा परेका २९८ परिवारको ऋण नगरपालिकाले तिर्ने जानकारी दिएका छन् ।




धनकुटामा आयोजित एकल जातीहरूको सांस्कृतिक पहिचान सम्बन्धी कार्यक्रममा बोल्दै मेयर तामाङले चालु आर्थिक वर्षमा ४३ परिवारको ऋण नगरपालिकाले तिर्ने जानकारी दिए । बाँकीको ऋण आगामी आर्थिक वर्ष तिरिने मेयर तामाङको भनाई छ ।

धनकुटा नगर क्षेत्रलाई आठपहरिया जातीको उद्गम स्थल मानिन्छ । यहाँ ८ हजार भन्दा बढी आठपहरियाको बसोवास छ । घरपरिवार चलाउन ऋण लिएर तिर्न नसक्दा घरजग्गा गुमाएर सुकुम्बासी हुने अवस्थामा पुगेका उनीहरूको प्रति परिवार एक लाखसम्मको ऋण नगर पालिकाले तिर्न लागेको हो ।

सीमान्तकृत आठपहरिया समुदायको उत्थानका लागि विभिन्न गतिविधि गर्दै आएको नगरपालिकाले यसअघि उनीहरूको घरमा टिनको छानो लगाइदिएको छ । धनकुटाको बिहिबारे हटियामा आठपहरिया जातीको सङ्ग्रहालय पनि निर्माण गरिएको छ ।

# तीन दिने अनुशिक्षण तालिम सम्पन्न

विराटनगर । कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरको तत्वावधानमा ३ दिने "चट्याङ जोखिम न्युनिकरण तथा उद्दार अनुशिक्षण तालिम प्रथम समुहको समापन भएको छ ।

कोशी प्रदेश प्रहरी कार्यालयका प्रहरी बरिष्ठ उपरीक्षक गोविन्द अधिकारीको प्रमुख आतिथ्यतामा शुक्रवार कोशी प्रदेश प्रहरी कार्यालयको सभाहलमा उक्त तालिमको समापन भएको थियो ।

तालिम समापन कार्यक्रम लाई सम्बोधन गर्नुहुदै प्रमुख अतिथि अधिकारीले तालिमबाट सिकेका ज्ञान र सिपबाट उर्जा प्राप्त भएका प्रहरी कर्मचारी हरुले कार्यक्षेत्रमा रहेका अन्य प्रहरी कर्मचारीहरु लगायत समुदाय प्रहरी साजेदारी कार्यक्रम मार्फत दिईने सचेतनामुलक कार्यक्रमहरुमा समेत चट्याङ जोखिम न्युनि करण सम्बन्धी जानकारीहरु गराई चट्याङबाट हुने भौतिक तथा मानविय क्षतिलाई न्युनिकरण गर्नु पर्ने बताएका थिए ।

साथै चट्याङका कारण मानवीय र भौतिक संरचनाको क्षेति भएको बखत उद्धार कार्यमा प्रयोग गरिने पोसाक तथा आवश्यक स्रोत साधान हरुको प्रयोग गरी तालिममा सिकेका ज्ञान र सिप बमोजिम कार्यन्वयन गर्न समापन भईजाने सम्पुर्ण प्रशिक्षार्थीहरु लाई निर्देशन दिएका थिए ।

कार्यक्रममा तालिम संयोजक प्रहरी नायव उपरीक्षक ध्रुव कुमार श्रेष्ठले तालिम सम्बन्धी प्रतिबेदन पेश गरेका थिए । उक्त कार्यक्रममा कोशी प्रदेशका प्रहरी नायव उपरीक्षक सत्यनारायण जैसवाल, विद्युत प्राबिधि करणका ई. प्रविन यादव लगायत सिनियर तथा जुनियर प्रहरी अधिकृत लगायत प्रहरी कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

उक्त तालिममा कोशी प्रदेश अन्तरगत रहेका बिभिन्न प्रहरी कार्यालयहरुमा कार्यरत जुनियर प्रहरी अधिकृत देखि प्रहरी जवान सम्मका ३० जना प्रहरी कर्मचारीहरुको सहभागिता रहेको थियो ।

# निरीक्षक कुवंर र सहायक निरीक्षक कार्की उत्कृष्ट प्रहरी

विराटनगर । कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले इलाका प्रहरी कार्यालय धरानमा कार्यरत प्रहरी निरीक्षक दिवस कुँवर र प्रहरी चौकी अमाहीवरयातीमा कार्यरत प्रहरी सहायक निरीक्षक नवराज कार्कीलाई २०८१ साल चैत "महिनाको सर्वोत्कृष्ट प्रहरी" घोषित गरेको छ ।



निरीक्षक दिवस कुँवर



र सहायक निरीक्षक नवराज काकी

विभागीय मूल्य-मान्यता, आदेश-निर्देशनको पालना गरी उच्च मनोबल र साहसका साथ आफ्नो कर्तव्य निर्वाह गर्ने क्रममा प्रहरी निरीक्षक कुँवरले चैत २५ गते सुनसरीको धरान-६ स्थित वनमा शंकास्पद मृत्यु भएकी धनकुटा महालक्ष्मी नगर पालिका-१ की ३४ बर्षीय चुन कुमारी दाहाल बुढाथोकीको अनुसन्धानको क्रममा हत्यामा संलग्न ५ जनालाई पक्राउ गरेको थियो ।

त्यसैगरी प्रहरी सहायक निरीक्षक कार्कीले चैत २१ गते मोरङको जहदा गाउँपालिका-७ का २७ बर्षीय उमेश कामतको घरबाट १०८८ किलोग्राम गाँजा बरामद गरी निजलाई पक्राउ गरेको हुँदा दुबै जना प्रहरी कर्मचारीले गरेको सम्पादित कार्यको उच्च मूल्याङ्कन गर्दै २०८१ साल चैत "महिनाको सर्वोत्कृष्ट प्रहरी" घोषित गरिएको प्रदेश प्रहरी कार्यालयले जनाएको छ ।

ट्राफिक नियमको पालना गरौं ।
सडक सुशासन कायम गरौं ।।

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८२ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

देव किशन मुन्दडा
देवनारा ग्रुप परिवार

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८२ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

टिका पुरी (प्रमुख)
एभरेष्ट सेकेन्डरी स्कुल परिवार

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८२ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

राजेन्द्र राउत
राउत कन्स्ट्रक्सन परिवार, विराटनगर

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८२ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

पवन सारडा अध्यक्ष
परिसंघ कोशी प्रदेश

# लागुऔषध ब्राउन सुगर र गाँजा सहित ६ पक्राउ

विराटनगर । मोरङ र सुनसरीको विभिन्न स्थानहरुबाट लागूऔषध सहित ६ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

चैत्र २ गते बिराटनगर महानगरपालिका-१५ स्थितबाट लागुऔषध नियन्त्रण ब्यूरो विराटनगरबाट खटिएको प्रहरी टोलिले सुनसरी धरान उप-महानगरपालिका-१७ का ४० बर्षीय राज श्रेष्ठलाई १ ग्राम ७मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो।

त्यसैगरी सुनसरी बराह क्षेत्र नगरपालिका-७ स्थितबाट अस्थायी प्रहरी चौकी बाङ्गे सुनसरीबाट खटिएको प्रहरी टोलिले स्थानिय ३० बर्षीय बिकास भण्डारी र २३ बर्षीय सुसिल शेर्पालेलाई १०० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो ।

सुनसरी धरान उप-महानगरपालिका-१३ स्थितमा अस्थायी प्रहरी चौकी अमरहाटबाट खटीए को प्रहरी टोलिले भेडेटार बाट धरान तर्फ आउदै गरेको को २ ह ४७३९ नम्बरको अटो चेकजाँचको क्रममा अटो चालक धरान-४ का ४८ बर्षीय जोक बाहादुर राई, उनको छोरा ३० बर्षीय सुमन राई र सोहि अटोमा सवार धनकुटा साँगुरीगढी-३ का ३६ बर्षीय सुरज लिम्बुलाई १९ किलो लागू औषध गाजा सहित नियन्त्रणमा लिएको थियो ।

नियन्त्रणमा लिएका सवैलाई सम्वन्धित प्रहरी कार्यालयवाट थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## पार्टीहरू...

महत्त्वपूर्ण पदहरूमा नियुक्ति गर्दा हाम्रो नभई राम्रोलाई छान्ने कहिले ?

देशमा ऐतिहासिक रूपमा लोडसेडिङ हटाउन महत्त्वपूर्ण योगदान दिने, इतिहासमै पहिला पल्ट जलविद्युत् विदेशमा निर्यात गर्न र अर्बौंको नोक्सानी बेहोरिरहेको विद्युत् प्राधिकरण लाई अर्बौंको मुनाफामा दिलाउन अहं भूमिका खेल्ने उज्यालो नेपालका नायक कुलमान घिसिङलाई त हामीले सम्मानको सट्टा अपमान गर्ने प्रयास गर्‍यौं भने के जनताले यसमा आक्रोश नदेखाए खुसी व्यक्त गर्छन् त ?

कुनै पनि प्रजातान्त्रिक प्रणाली राम्ररी चल्न सरकार, राजनीतिक पार्टी र प्रहरी प्रशासन मात्रै भएर पुग्दैन स्वतन्त्र प्रेस लगायत विभिन्न प्रजातान्त्रिक संस्था, नागरिक समाज आदिको समन्वयात्मक भूमिका अपेक्षित रहन्छ । हामीकहाँ मिडिया लगायत नागरिक समाज, बुद्धिजीवी, मानव अधिकारवादी, कानुन व्यवसायी, शिक्षक तथा अन्य पेसागत व्यक्तिले एक दबाब समूहका रूपमा काम गर्नुपर्नेमा सरकार वा पार्टीका नेताको चाकडी गरेको देखिन्छ ।

सरकारलाई खबरदारी गर्ने, स्वस्थ आलोचना गर्ने, मार्गदर्शन गर्ने, उचित सल्लाह-सुझाव दिने आफ्नो कर्तव्य र दायित्वबाट ती व्यक्ति वा संस्थाहरू विमुख भएका छन् । सरकार सही मार्गमा हिँड्न नसक्नुमा यसलाई पनि एउटा कारण मान्न सकिन्छ । शक्ति पृथकीकरणको सिद्धान्त लाई अंगीकार गर्दै स्वतन्त्र न्यायपालिका, निष्पक्ष कर्मचारीतन्त्र र जनउत्तरदायी व्यवस्थापिकाको अवधारणा लाई सुदृढ बनाउँदै लगिनुपर्छ । हामी कहाँ यदाकदा कर्मचारी तन्त्र र प्रहरी प्रशासनमा राजनीतिक हस्तक्षेप हुने गरेको छ । न्यायपालिका लगायत संवैधानिक निकाय मा नियुक्ति गरिँदा राज-नीतिक पार्टीको सिफारिसमा पार्टीका बफादार वा निकटका व्यक्तिलाई प्राथमिकता दिइने प्रचलन छ, जुन स्वस्थ प्रजातान्त्रिक प्रणालीका निम्ति घातक सिद्ध हुन जान्छ । कर्मचारीतन्त्र लाई चुस्त, दुरुस्त र तटस्थ निकायका रूपमा विकसित गरिनुपर्छ ताकि तिनले सर्वसाधारणलाई आवश्यक सेवा-सुविधा प्रभावकारी रूपमा प्रदान गर्न सकुन् ।

उपसंहार

प्रत्येक सचेत नेपाली नागरिकले यो नभुलौं कि विगतमा दुईपल्ट २०१७ पुस १ र ०६१ माघ १९ मा राजाहरूले संवैधानिक राजतन्त्रसहितको संविधान लाई च्यातेर अनि प्रजातन्त्र को गला निमोठेर एकदलीय तानाशाही तन्त्र स्थापना गरेका थिए, त्यसैले नेपालमा गणतन्त्र ल्याउनुपरेको हो । अहिले पुनः हामीले लोक-तान्त्रिक गणतन्त्र लाई समाप्त पार्ने खेल सफल हुन दिएमा भोलि हाम्रा छोरा-नातिले फेरि पनि प्रजातन्त्र पुनः स्थापनाको अर्को संघर्ष गर्नुपर्नेछ, अर्को बलिदान दिनुपर्नेछ । नेताहरू असफल भएमा वा तिनीहरूले गलत कार्य गरेको खण्डमा तिनीहरूलाई बदल्न सकिन्छ, चुनावद्वारा पाँच वर्षपछि । राजाहरू त जन्म-जन्मसम्म कायम रहन्छन्, पुस्तौं पुस्ता सम्म उनीहरूलाई बेहोर्नुपर्ने हुन्छ । लोकतन्त्र सफल हुन र त्यसले उचित फल दिन जनता विवेकशील र सचेत हुनैपर्छ, नेता तथा कार्यकर्ता संवेदन शील र जिम्मेवार हुनैपर्छ । कुनै एउटा सुपरम्यान वा हिरो आएर देश चलाउला र हामीलाई सम्पूर्ण सुख-सुविधा देलान् भनेर विश्वास गर्नु आकाशबाट फल झर्ला र खाउँला भन्नेजस्तै हो ।

रातोपाटीबाट सभार

# तेस्रो पटक काठमाण्डौमा 'नेपडेन्ट' सम्मेलन हुँदै




विराटनगर । दन्त सामाग्रीहरुको उत्पादन बारे जानकारी दिने उद्देश्यले नेपाल दन्त सामाग्री वितरक हरुको संघ (एनडिडिए) ले यहि बैशाख ५, ६ र ७ गते काठमाण्डौमा अन्तर्राष्ट्रिय स्तरको तीन दिने 'नेपडेन्ट-२०२५' सम्मेलन आयोजना गर्ने भएको छ ।

एनडिडिएले नेपालमा तेस्रोपटक यस प्रकारको सम्मेलन भुकुटीमण्डपमा गर्न लागेको संघका केन्द्रीय सचीव निरन्जन खतिवडाले जानकारी दिएका छन् । तीन दिनसम्म संचालन हुने उक्त सम्मेलनमा ५ हजार भन्दा बढी अवकलोनकर्ताहरुले अवलोकन गर्ने सचिव खतिवडाले जानकारी गराए ।

करिब ९० भन्दा बढी स्टल रहने उक्त सम्मेलनमा दन्त चिकित्सा क्षेत्रमा कार्यरत व्यक्तिहरुलाई दन्त सामाग्री र उत्पादनकाबारेमा जानकारी दिइने उनले गराए ।

सम्मेलनमा दन्त चिकित्क, डेन्टल हाइजेन्षटिहरु, डेन्टल कलेजका विद्यार्थीहरु, डेन्टल हस्पिटलका संचालकहरु, डेन्टल क्लिनिक, डेन्टल ल्याब लगायत डेन्टल संघसँग सम्बन्धितहरुको उपस्थिति रहने संघका केन्द्रीय सदस्य तथा कोशी प्रदेश संयोजक हरिराज रेग्मीले जानकारी दिए ।

हालसम्म नेपालमा दन्त सामग्री आपूर्तिको क्षेत्रमा ४८ संस्थाहरुले काम गर्दै आइरहेका जानकारी दिँदै रेग्मीले यसभन्दा अघि संघले भृकुटीमण्डपमै यस प्रकारको सम्मेलन सम्पन्न गर्दै आएको बताए ।

हार्दिक मंगलमय शुभकामना
नव वर्ष २०८२ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
अनुपम राठी (अध्यक्ष)
मोरंग उद्योग व्यापार संघ, परिवार

हार्दिक मंगलमय शुभकामना
नव वर्ष २०८२ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
अरनिको अवाशीय सकेन्डरी स्कुल
परिवार, तीनटोलिया, विराटनगर

हार्दिक मंगलमय शुभकामना
नव वर्ष २०८२ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
विराट आँखा अस्पताल
परिवार रोडशेष चौक विराटनगर

हार्दिक मंगलमय शुभकामना
नव वर्ष २०८२ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
राकेश सुराना (अध्यक्ष)
उद्योग संगठन मोरंग परिवार